# आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक स्रोत समावेश भएका योजनाको निकासा फुकुवा सम्बन्धी आन्तरिक कार्यविधि

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम ११ बमोजिम स्वीकृत)

स्वीकृत मितिः २०८०।०५।०३

१) **नगद अनुदान तथा ऋण तर्फको फुकुवा प्रकृयाः** वैदेशिक स्रोत अन्तर्गत नगद अनुदान तथा ऋण समावेश भएका कार्यक्रमको प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक अवधिको लागि विनियोजित बजेट निकासा भुक्तानी गर्न यस कार्यालयको फुकुवा आदेश आवश्यक पर्नेछ।

२) **शोधभर्ना हुने अनुदान तथा ऋण तर्फको फुकुवा प्रक्रिया**

२.१) **प्रथम त्रैमासिक फुकुवा प्रक्रियाः** वैदेशिक स्रोत अन्तर्गत शोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएका कार्यक्रमको प्रथम त्रैमासिक अवधिको लागि विनियोजित बजेट निकासा भुक्तानी गर्न यस कार्यालयको फुकुवा आदेश आवश्यक पर्ने छैन। यसको लागि प्रथम त्रैमासिक अवधिसम्म अनुदान वा ऋण सम्झौताको अवधि बाँकी रहेको हुनुपर्नेछ। नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र दातृ निकायबीच अनुदान वा ऋण सम्झौता भई त्यस्तो सम्झौता प्रभावकारी (Effective) भई सकेको हुनुपर्नेछ, तर पूर्व प्रभावी वित्तीय सम्झौता (Retroactive Financing) को हकमा अर्थ मन्त्रालयको सहमति आवश्यक पर्नेछ। नेपाल सरकार आन्तरिक ऋण स्रोत कायम भएको बजेट निकासा भुक्तानी गर्न यस कार्यालयको फुकुवा आदेश आवश्यक पर्ने छैन।

२.२) **दोस्रो, तेस्रो र चौथो त्रैमासिक फुकुवा प्रक्रियाः**

क) दोश्रो त्रैमासिक फुकुवाको लागि गत आर्थिक वर्ष सम्ममा शोधभर्ना हुनुपर्ने रकम, तेस्रो त्रैमासिक फुकुवाको लागि चालु आर्थिक वर्षको प्रथम त्रैमासिकसम्ममा शोधभर्ना हुनुपर्ने रकम तथा चौथो त्रैमासिकको फुकुवाको लागि चालु आर्थिक वर्षको दोश्रो त्रैमासिकसम्ममा शोधभर्ना हुनपर्ने रकम प्राप्त भैसकेको हुनु पर्नेछ।

ख) आयोजनाबाट शोधभर्ना माग भईसकेको तर प्रक्रियागत कारणले मात्र शोधभर्ना प्राप्त हुन ढिलाई भएको भए सम्बन्धित दातृ निकायमा शोधभर्ना माग गरेको प्रमाण र चालु त्रैमासिक अवधि भित्र शोधभर्ना प्राप्त भइसक्ने विश्वसनीय आधार सहितको पत्र समेत पेश गर्नुपर्नेछ।

ग) दोश्रो, तेस्रो र चौथो त्रैमासिक फुकुवा माग गर्दा पत्रसाथ अनुसूची १ अनुसार शोधभर्नाको विवरण र संलग्न परीक्षण सूची (Check List) तथा आयोजनाको सम्झौताको अवधि सकिने मिति, सम्झौता बमोजिमको शोधभर्ना हुने रकम, हालसम्मको खर्च, शोधभर्ना प्राप्त रकम र शोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

नियमावली, २०७७ को नियम १७ सँग सम्बन्धित अनुसूची ३ र नियम ४२(६) सँग सम्वन्धित अनुसूची ९ वमोजिमको प्रतिवेदन पनि संलग्न गर्नुपर्नेछ।

घ) सम्बन्धित आयोजनाहरुले दोश्रो त्रैमासिक फुकुवा माग गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (८) अनुसार स्वीकृत म.ले.प. फाराम बमोजिमको ढाँचामा आर्थिक वर्ष २०७९।८० को आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको) पेश गर्नुपर्नेछ।

ङ) तेस्रो त्रैमासिक फुकुवा गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (९) अनुसार स्वीकृत म.ले.प. फाराम बमोजिमको ढाँचामा आर्थिक वर्ष २०७९।८० को आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण भएको) सिफारिसको लागि महालेखा नियन्त्रक कार्यालयमा प्राप्त भए/नभएको विषयलाई समेत आधारको रुपमा लिइनेछ।

च) दातृपक्षसंग भएको सहायता संझौतामा लेखापरीक्षण भएको वित्तीय विवरण आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र पेश गर्नुपर्ने व्यवस्था रहेछ भने चौथो त्रैमासिक फुकुवा गर्दा सो अवधिभित्र उल्लिखित वित्तीय विवरण महालेखा नियन्त्रक कार्यालयमा सिफारिशको लागि प्राप्त भए/नभएको विषयलाई समेत आधारको रुपमा लिइनेछ।

छ) नतिजा सूचकको आधारमा शोधभर्ना (Disbursement Linked Indicator-DLI) प्राप्त गर्ने आयोजना/कार्यक्रमहरुको हकमा गत आर्थिक वर्ष २०७९।८० सम्म शोधभर्ना बांकी रहेको रकम चालु आ.व. २०८०।८१ को पहिलो त्रैमासिकभित्र प्राप्त गरिसकेको हुनुपर्नेछ। गत आ.व. सम्मको बांकी रकम प्राप्त भएको आधारमा चालु आवको क्रमश: दोस्रो, तेस्रो र चौथो त्रैमासिक निकासा फुकुवा गरिनेछ।

ज) फुकुवा माग गर्दा दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदिको रकम यकीन गरी सोको प्रमाणित प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

झ) शोधभर्ना प्राप्त हुनुपर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट सम्झौताका प्रावधान अनुसार निर्धारित अवधि भित्र शोधभर्ना प्राप्त हुन नसकेमा स्रोत फुकुवाको लागि अर्थ मन्त्रालयको पत्र र शोधभर्ना हुन नसक्नुको कारण उल्लेख गरी सम्बन्धित आयोजना वा निकायबाट यथाशीघ्र शोधभर्ना बांकी रकम प्राप्त गर्ने सुनिश्चितता सहितको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ।

ञ) दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिएको कारण महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटी हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको र सो रकम स्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ।

ट) सहायता सम्झौता बमोजिम आर्थिक वर्ष २०७९।८० को बजेट व्यवस्था गर्दा स्रोतगत अनुपात नमिलेको वा नेपाल सरकार स्रोततर्फ न्यून बजेट विनियोजन भएको कारण वैदेशिक स्रोततर्फ अनुपातभन्दा बढी खर्च भएको रकम शोधभर्ना प्राप्त हुन नसकेमा अर्थ मन्त्रालयमा स्रोतान्तरको लागि अनुरोध गरेको पत्रको बोधार्थ वा प्रतिलिपि पेश गर्नु पर्नेछ।

२.३) विविध

क) दातृपक्षसँग भएको सहायता सम्झौता बमोजिम सञ्चालनमा रहेका कार्यक्रम/योजनाको आर्थिक वर्ष २०७८।७९ सम्मको शोधभर्ना बाँकी भए अर्थ मन्त्रालयबाट स्रोतान्तर वा खर्च समर्थन गराएको प्रमाण पेश गर्नु पर्नेछ।

ख) कुनै दातृ निकायको शोधभर्ना लिन बाँकी ऋण तथा अनुदानको सम्पूर्ण रकम प्राप्त भई ऋणतर्फ शोधभर्ना बाँकी भन्दा बढी रकम र अनुदानतर्फ नपुग रकम प्राप्त भएको रहेछ भने सो दातृ निकायको ऋणतर्फको श्रोतमात्र फुकुवा गरिने छ।

ग) दातृनिकायले तोके बमोजिमको न्यूनतम माग सीमाङ्क (थ्रेसहोल्ड) पुरा भएको शोधभर्ना लिन बांकी रकमको शोधभर्ना वा कोषपूर्तिको लागि यथाशीघ्र दातृ निकायमा माग पत्र (Withdrawal Application) पठाई सोको एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। ऋणतर्फको शोधभर्ना माग गरेको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ।

घ) वित्तीय हस्तान्तरण भएको समपुरक वा विशेष वा सशर्त अनुदानको रकम खर्च नभै विविध प्राप्ति खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ।

ङ) वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित कार्यक्रम/आयोजनाको त्रैमासिक प्रतिवेदन (विनियोजित बजेट, निकासा तथा खर्चको स्रोतगत विवरण) सम्बन्धित आयोजना सञ्चालन गर्ने निकायले महालेखा नियन्त्रक कार्यालयमा (सम्वन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराई) पेश गर्नुपर्नेछ।

च) वैदेशिक सहायता सम्झौता अनुसार सार्वजनिक संस्थान तथा बोर्डलाई निकासा उपलब्ध गराएको शोधभर्ना हुने ऋण तथा अनुदानको रकम समयमै शोधभर्ना प्राप्त गरिसक्नु पर्नेछ। संस्थान वा बोर्डलाई निकासा दिएको शोधभर्ना हुने रकमको शोधभर्ना लिने र बाँकी रकम फरफारक गर्ने जिम्मेवारी सम्बन्धित आयोजनाकै हुनेछ।

छ) नयाँ सम्झौता भएका आयोजनाको हकमा दातृपक्षसँग भएको सम्झौता र सम्झौतासंग सम्वन्धित अन्य कागजातहरु (Financing Agreement, Disbursement Letter, Project Appraisal Document, Loan/Grant Effective Letter) को एक एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

ज) निकासा फुकुवाको पत्रसाथ आयोजनाको नाममा बैदेशिक मुद्रामा खोलिएको विशेष खाताको आय तथा व्ययको त्रैमासिक विवरण र बैंक मौज्दात विवरणको प्रतिलिपि पेश गर्नु पर्नेछ।

झ) नेपाल सरकारसंग सहायक ऋण वा अनुदान सम्झौता भै नेपाल सरकारको वित्तीय लगानी स्वरुप स्वायत्त संस्थाहरुले प्राप्त गर्ने रकमको निकासा फुकुवा माग गर्दा विगतमा प्राप्त गरेको रकमको लगानी वा उपयोग सम्बन्धी विवरण तथा बैंक मौज्दात प्रमाणित गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ। महालेखा नियन्त्रक कार्यालयबाट बैंकमा मौज्दात रहेको रकमको हिसाब समायोजन गरी निकासा फुकुवा गरिनेछ।

अनुसूची १

(कार्यविधिको दफा २.२ (ग) सँग सम्बन्धित)

शोधभर्नाको विवरण

आर्थिक वर्ष : २०८०।८१

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक :

ऋण/अनुदान नं. :

| क्र.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० सम्मको शोधभर्ना लिन बाँकी रकम (अ.ल्या.) | | | |
| २ | आ.व. २०८०।८१ को प्रथम त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ३ | आ.व. २०८०।८१ को दोस्रो त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ४ | आ.व. २०८०।८१ मा शोधभर्ना प्राप्त रकम | | | |
| ५ | हिसाब समायोजन गरी शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| खुद शोधभर्ना बाँकी दोश्रो त्रैमासिक फुकवाको लागि (१-४-/+५) | | | | |
| खुद शोधभर्ना बाँकी तेश्रो त्रैमासिक फुकवाको लागि (१+२-४-/+५) | | | | |
| खुद शोधभर्ना बाँकी दोश्रो त्रैमासिक फुकवाको लागि (१+२+३-४-/+५) | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखको

नाम :

दस्तखतः

आयोजना प्रमुखको

नाम :

दस्तखतः

(कार्यविधिको दफा २.२ (ग) सँग सम्बन्धित)

**परीक्षण सूची (Checklist)**

सम्बन्धित मन्त्रालयः

आयोजनाको नामः

ऋण/अनुदान नं. :

बजेट उपशीर्षकः

| कार्यविधिको बुँदा नं. | विवरण | छ | छैन | आवश्यक नहुने |
|---|---|---|---|---|
| २.१ | Retroactive Financing को फुकुवा भए अर्थ मन्त्रालयको सहमतिपत्र | | | |
| २.२ (क) | आ.व. ......................................... सम्मको शोधभर्ना लिन बाँकी रकम शोधभर्ना प्राप्त भैसकेको | | | |
| २.२ (झ) | शोधभर्ना प्राप्त हुन बाँकी भए अर्थ मन्त्रालयबाट स्रोत फुकुवा दिन सिफारिस भैआएको | | | |
| २.२ (ग) | शोधभर्नाको विवरण (अनुसूची), परीक्षण सूची, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ३ र ९ सम्लग्न रहेको | | | |
| २.२ (घ र ङ) | आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण भएको/नभएको) पेश भएको | | | |
| २.२ (ज) | दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्ने धरौटी, प्रतित-पत्र, पेश्की आदिको प्रमाणित विवरण संलग्न रहेको | | | |
| २.२ (ञ) | बैंकले कमिशन लिएको भए पुष्टयाईं हुने विवरण कागजात सम्लग्न रहेको | | | |
| २.३ (क) | आ.व. २०७८।७९ सम्मो शोधभर्ना हुन बाँकी रकम स्रोतान्तर भैसकेको | | | |
| २.३ (घ) | विविध प्राप्ति खातामा दाखिला भएको रकमको बैंक भौचर पेश भएको | | | |
| २.३ (छ) | नयाँ सम्झौताको हकमा आयोजना सम्झौतासँग सम्वन्धित कागजात पेश भएको | | | |
| २.३ (ज) | आयोजनाको नाममा बैदेशिक मुद्रामा खोलिएको खाताको आय तथा व्ययको विवरण (Bank Statement) को प्रतिलिपि पेश भएको | | | |

<u>आर्थिक प्रशासन शाखा प्रमुखको</u>

नामः

दस्तखतः

<u>आयोजना प्रमुखको</u>

नामः

दस्तखतः